"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"

टोखा नगरपालिका

टोखा नगरपालिका

ཊོཁཱ་ ནག་པར་པཱ་ལི་ཀཱ

नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८३/८४ (शिक्षा, युवा तथा खेलकुद शाखा)
च.नं.: ९४९०

नगर कार्यपालिकाको कार्यालय
टोखा नगरपालिका
मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल ।
मितिः २०८३।०७।२७
ने.सं.: ११४६ कछलाथ्व ४ शुक्रवार

श्री वडा कार्यालयहरू (सबै),
श्री विद्यालयहरू (सबै)
श्री खेल सम्बद्ध संघ संस्थाहरू (सबै)
टोखा नगरपालिका, काठमाडौं ।

विषय :व्याडमिन्टन प्रतियोगिता सञ्चालन सम्बन्धमा ।

नगर खेलकुद विकास समितिको मिति २०८३/०६/१९ गतेको बैठकको निर्णय अनुसार तपसिलको मिति, स्थान, समय र समुहमा व्याडमिन्टन खेलकुद प्रतियोगिता सञ्चालन हुने भएकाले उक्त प्रतियोगितामा सहभागिताका लागि मिति २०८३/०८/०४ गतेभित्र कार्यालय समयमा खेलाडी सहभागी फारम भरी शिक्षा, युवा तथा खेलकुद शाखा तथा टोखा नगरपालिका वडा नं. ५ स्थित KBC व्याडमिन्टन हलमा बुझाउनु हुन अनुरोध छ ।

तपसिल :

१. **व्याडमिन्टन प्रतियोगिता सञ्चालन हुने मितिः** मिति २०८३/०८/०५ र ०६ गते।
२. **स्थान र समयः** टोखा न.पा.-५ को KBC व्याडमिन्टन हलमा, बिहान ७ बजेदेखि।
३. **व्याडमिन्टन प्रतियोगिताका समुहः**

- मेन्स डवल
- पुरुष भेट्रान ५०+ डवल
- Boys Under १२ सिङ्गल

(नोटः प्रतियोगिता सम्बन्धी थप जानकारी तथा नियमहरु र खेलाडी सहभागी फारम यसै पत्रसाथ संलग्न गरिएको छ । थप जानकारीका लागि फोकल प्रशन श्री प्रकाश खनाल(९८४११३४६८९), खेल संयोजक, प्रेम कुमार सुनुवार (९८५१०६५५६३) लाई सम्पर्क गर्नुहुन अनरोध छ ।)

दुर्गादेवी खड्का
शिक्षा अधिकृत, आठौं

मितिः २०८३।०७।२७

ने.सं.: ११४६ कछलाथ्व ४ शुक्रवार

व्याडमिन्टन प्रतियोगिता सम्बन्धी नियम तथा जानकारी

१. खेलाडीको दर्ता शुल्क लाग्ने छैन।

२. खेलाडीको दुई प्रति पासपोर्ट साइजको फोटो र परिचय पत्र अनिवार्य बुझाउनु पर्नेछ । फोटो नभएका खेलाडी लाई समावेश गरिने छैन। साथै उमेर खुल्ने जन्मदर्ता वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

३. प्रतियोगिता व्याडमिन्टन महासघं, नेपाल व्याडमिन्टन महासघंको नियम अनुसार खेलाइनेछ।

४. खेल अवधिभर आयोजकले तोकेको समयमा खेलाडी उपस्थित नभएमा सम्बन्धित प्रशिक्षक नै जिम्मेवार हुनेछ।

५. खेलाडीको लागि आवश्यक सामाग्री खेलाडी स्वयम् आफैले ल्याउनुपर्नेछ। अन्यथा प्रतियोगितामा सहभागी गराइने छैन।

६. प्रतियोगिता खेलाडी र प्रशिक्षकले अपशब्द र अभद्र कार्य गरेमा सो टिमलाई प्रतियोगिताबाट निस्काशन गरिने छ।

७. उमेर चित्त नबुझे वा शकां लागेमा पोटेक्स लगाउन पाईनेछ।

८. आफ्नो सामानको सुरक्षा खेलाडी आफै गर्नुपर्नेछ।

९. टोखा नगरपालिकाका स्थानीय बासिन्दा, टोखा नगरपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थी तथा टोखा नगरपालिका भित्रका खेलकुद संस्थामा प्रशिक्षणरत खेलाडीहरूले मात्र सहभागिता जनाउन पाउनेछन्।

१०. प्रत्येक खेलाडीले आफूले रोजेको एउटा इभेन्टमा मात्र प्रतिस्पर्धा गर्न पाउनेछ। एउटै खेलाडीले एकभन्दा बढी इभेन्टमा सहभागिता जनाउन पाउने छैन।

११. प्रतियोगितामा सहभागिता जनाउनुहुने सम्पूर्ण खेलाडीहरूले आफूले प्रतिनिधित्व गर्नुहुने विद्यालय, सम्बन्धित वडा वा प्रशिक्षण संस्थाबाट अनिवार्य रूपमा सिफारिस पत्र पेश गर्नुपर्नेछ। सिफारिस पत्र पेश नगर्ने खेलाडीहरूको नाम दर्ता मान्य हुने छैन।

१२. एउटा इभेन्टमा एउटा संस्थाबाट बढीमा २ समूह मात्र सहभागी हुन पाउनेछन्।

टोखा नगरपालिका
कार्यपालिकाका कार्यालय
मैजुहिटी, काठमाडौं
बागमती प्रदेश नेपाल

"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"

टोखा नगरस्तरीय व्याड्मिन्टन प्रतियोगिता - २०८३

खेलाडी नाम दर्ता फारम

वडा नं./विद्यालय/क्लव/खेल संस्था

सम्पर्क नं.:

पुरुष डवल्स

फोटो

खेलाडीको नाम:

फोटो

खेलाडीको नाम:

पुरुष भेट्रान डवल्स ५०+

फोटो

खेलाडीको नाम:

फोटो

खेलाडीको नाम:

U- १२ सिङ्गल

फोटो

खेलाडीको नाम:

फोटो

खेलाडीको नाम:

संस्थाको छाप :

<u>प्रमाणित गर्ने :</u>

नाम :

पद :